आज मिति २०७८ माघ २५ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री तपेन्द्र बहादुर रावलज्यूको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको ८३ औं बैठकको उपस्थिती देहाय बमोजिम रह्‍यो ।

| क.सं | पद | नाम , थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री तपेन्द्र बहादुर रावल | |
| २ | नगर उप-प्रमुख | श्री केशरी बिष्ट रावल | |
| ३ | सदस्य | श्री गंगाराम आचार्य | |
| ४ | सदस्य | श्री प्रकाश बहादुर बुढाथोकी | |
| ५ | सदस्य | श्री रामसेवक महतो | |
| ६ | सदस्य | श्री लालबिर चौधरी | |
| ७ | सदस्य | श्री रामशंकर ड.थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री रामलाल ड.थारु | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री रमेश वि.क | |
| १३ | सदस्य | श्री अक्कल बहादुर माझी | |
| १४ | सदस्य | श्री डम्वर बहादुर राजी | |
| १५ | सदस्य | श्री सीता देवी चौधरी | |
| १६ | सदस्य | श्री शोभा नगार्जी | |
| १७ | सदस्य | श्री उपमा देवी के.सी | |
| १८ | सदस्य | श्री शान्ती देवी ड.थारु | |
| १९ | सदस्य | श्री सन्जा देवी ओड | सन्जा |
| | | | |
| १ | सचिव | प्रमुख प्रशासकीय अधिकृत,<br>श्री दमन सिंह चौधरी | |
| | | | |

## मिति २०७८।१०।२५ गतेको कार्यपालिका बैठकको निर्णय :

**निर्णय नं. १** :-यस नगरपालिकाको आगामी दशौ नगरसभाका लागि (आ.व. ०७८,०७९) बैठकको मिति २०७८ फाल्गुण ८ गतेका लागि तय गरियो ।

**निर्णय नं. २** : प्रदेश सरकार,सुदूरपश्चिम प्रदेश, आर्थिक मामिला मन्त्रालय धनगढी, कैलालीको आर्थिक बर्ष २०७९/०८० का लागि स्थानीय तहबाट प्रदेश बिषेश अनुदान कार्यक्रम तर्फका लागि प्रस्ताव आव्हान सम्बन्धी मिति २०७८/१०/०१ मा प्रकाशित सूचना बमोजीम आगामी आर्थिक बर्ष २०७९/०८० का लागि तपसिलमा उल्लेखित योजना तथा कार्यक्रम छनौट गरी स्विकृतीका लागि आर्थिक मामिला मन्त्रालय, धनगढी, कैलालीलाई अनुरोध गर्ने ।

**बिशेष अनुदानतर्फ :**

| सि.नं. | आयोजनको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | प्रदेश सरकार बिशेष अनुदान रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | ब्लक न.१० संगीता राइस मिल देखि दिपक रावल को घर सम्म र खंडग मेमोरियल बोर्डिगं स्कुल देखि निरंकारी बोर्डिगं स्कुल र गंगा विस्टको घर सम्म जाने सडक कालोपत्रे निर्माण आयोजना । | टी.न.पा. वडा नं.१ | २,००,००,०००। | २,००,००,०००। | |
| २. | आखाँ अस्पताल जाने बाटोमा पर्ने जगन्नाथ न्योंपानेको घर देखि दक्षिण एयरपोर्ट जाने सडक ,डम्बर विष्टको घर देखि पुर्व देवानन् द रिमालको घर हुदैं नृप परियारको घर जाने सडक र विजयनगर शहरी स्वास्थ्य केन्द्र देखि टेक बहादुर ओडको घर हुदै भानु चौराहा देखि रानी कुलो सम्मको कालोपत्रे निर्माण आयोजना । | टी.न.पा. वडा नं.१ र २ | २,००,००,०००। | २,००,००,०००। | |
| ३. | खोपकेन्द्र हुदै अम्बासा र बागमारा जाने सडक र ६ नं. वडा कार्यालय देखि रा. मा. बि. हुदैं बेलुवा जाने सडक कालोपत्रे निर्माण आयोजना | टी.न.पा. वडा नं.४ र ६ | २,००,००,०००। | २,००,००,०००। | |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | सुनाफाटा स्कुलबाट खरौला भन्सार जोड्ने सडक र खक्रौला पुरानो भन्सार देखि कलाकुण्डा चौकि हुदै ७ न. वडा जोड्ने सडक कालोपत्रे निर्माण आयोजना । | टी.न.पा. वडा नं.७ र ९ | २,००,००,०००। | २,००,००,०००। | |
| ५. | बनगाउँ पिपल चोक देखि धर्म बहादुरको घर हुदै फाटा जाने सडक कालोपत्रे निर्माण आयोजना | टी.न.पा. वडा नं.८ | २,००,००,०००। | २,००,००,०००। | |

**निर्णय नं.३** : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई ,सिंहदरबार ,काठमाडौंको मिति २०७८ साल पौष ३० गते प्रकाशित सूचना बमोजीम यस नगरपालिकाको आगामी आर्थिक बर्ष २०७९/०८०का लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत तपशिल बमोजीमको योजना छनौट गरी स्विकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई,सिंहदरबार ,काठमाडौंलाई अनुरोध गर्ने ।

**तपशिल :**

| सि. नं. | आयोजनको नाम | आयोजना स्थल | तराई मधेश समृद्धि कार्यक्रम अनुदान रकम रु. | टीकापुर नगरपालिकाको लागत साझेदारी रकम रु. | कुल जम्मा योजना लागत रकमरु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ब्लक न १६ को कालोपत्रे सडक हुदैं गोबिन्द सोडारी को घर हुँदै टंक बजगाईं को घर सम्म जाने सडक र खक्रौला सडक देखि दुर्गानगर जोड्ने सडक कालोपत्रे निर्माण आयोजना। | टी.न.पा. वडा नं.१. | १,४०,००,०००। | ६०,००,०००। | २,००,००,०००। | |
| २. | बनगाउँ दक्षिणपुरुवा हुदैं वडा नं.३ सिमाना जोडने सडक र खकौला सडक देखि ज्योतीनगर जाने सडक कालोपत्रे निर्माण आयोजना । | टी.न.पा. वडा नं.१ | १,४०,००,०००। | ६०,००,०००। | २,००,००,०००। | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | ठग्गु चौधरीको घरबाट सीतापुर जाने सडक कालोपत्रे निर्माण आयोजना | टी.न.पा. वडा नं.२. | १,४०,००,०००। | ६०,००,०००। | २,००,००,०००। | |
| ४. | रामपुर चौराहा देखि वडा कार्यालय हुँदै वडा न.६ जाने सडक कालोपत्रे निर्माण आयोजना | टी.न.पा. वडा नं.३. | १,४०,००,०००। | ६०,००,०००। | २,००,००,०००। | |
| ५. | प्रेमनगर देखि कर्मिडाडा जाने सडक कालोपत्रे निर्माण आयोजना । | टी.न.पा. वडा नं.५ | १,४०,००,०००। | ६०,००,०००। | २,००,००,०००। | |
| ६. | बेलुवाबोझि देखि वडा कार्यालय जोड्ने सडक कालोपत्रे निर्माण आयोजना। | टी.न.पा. वडा नं.६ | १,४०,००,०००। | ६०,००,०००। | २,००,००,०००। | |
| ७. | कालिमाटी -स्कुल देखि रामडाडा हुँदै वडा कार्यालय जोड्ने सडक कालोपत्रे निर्माण आयोजना | टी.न.पा. वडा नं.८. | १,४०,००,०००। | ६०,००,०००। | २,००,००,०००। | |

**निर्णय नं.४ :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,तराई -मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई ,सिंहदरबार ,काठमाडौंको मिति २०७८ साल पौष ३० गते प्रकाशित सूचना बमोजीम यस नगरपालिकाको आगामी आर्थिक बर्ष २०७९/०८० का लागि तराई-मधेश समृद्धि कार्यकम अन्तर्गत पारम्परिक पेशा प्रवर्द्धनात्मक एवं आय आर्जन तथा जिवनस्तर सुधार सम्बन्धी तपसिल बमोजिमको कार्यक्रम छनौट गरि स्विकृतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई ,सिंहदरबार ,काठमाडौंलाई अनुरोध गर्ने ।

**तपसिल :**

| सि. नं. | आयोजनको नाम | आयोजना स्थल | तराई मधेश समृद्धि कार्यक्रमअनुदान रकम रु. | टीकापुर नगरपालिकाको लागत साझेदारी रकम रु. | कुल जम्मा कार्यक्रम लागत रकमरु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | तयारी पोशाक (तयारी पोशाक सिलाई कटाई फेशन डिजाईन ,एडभान्स सिलाई कटाई ) | टी.न.पा. | ९,००,०००।०० | १,००,०००।०० | १०,००,०००।०० | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कैलाली

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | मखमल/ढाका/अल्लो जुत्ता चप्पल | टी.न.पा. | ९,००,०००।०० | १,००,०००।०० | १०,००,०००।०० | |
| ३. | ईलेक्ट्रीकल (हाउस बायरिङ्ग ,पानी तान्ने मेसिन मर्मत) | टी.न.पा. | ९,००,०००।०० | १,००,०००।०० | १०,००,०००।०० | . |

**निर्णय नं.५** : यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार चालु आ.व. ०७८/०७९ का लागि संघीय सरकार विशेष अनुदान तथा प्रदेश विशेष अनुदान कार्यक्रम तर्फ आवास भवन निर्माणका लागि तपसिल बमोजिमका लाभग्राहीहरुको नामावली वडा कार्यालयबाट छनौट भई सिफारिस सहित प्राप्त भएको हुँदा उक्त सिफारिस भई आएका लाभग्राही छनौट गरियो साथै कार्यान्वयनका लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

| क्र.सं. | लाभग्राहीको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | १.लाल बहादुर दर्जि<br>२.रेश्मा ओड<br>३.जौमाता विश्वर्मा<br>४.सोनु देवी दर्जि<br>५.अनिता दर्जि<br>६.सेतु देवी तिरुवा<br>७.सुदा देवी वि.क.<br>८.नन्दा देवी ओड<br>९.मन्जु विश्वकर्मा<br>१०.दीपक लुहार<br>११.बल बहादुर ल्वार<br>१२.सिता देवी तिरुवा<br>१३.अर्जुन कुमार दर्जि<br>१४.राजेश कुमार दर्जि<br>१५.मुकेश ओड<br>१६.विस्ना देवी कमेनी<br>१७.चन्द्र बहादुर वड<br>१८.नरपता ओड | टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी<br>टी.न.पा.-६, प्रसेनी | ६ नं. वडा कार्यालयको प.सं. २०७८/०७९, च.नं.१५४९, मिति २०७८/१०/१० |
| २ | १.जगे कामी<br>२.मैपति कामी<br>३.कमान बहादुर कामी<br>४.कृष्ण आउजी | टी.न.पा.-५ सुक्लीपुर<br>टी.न.पा.-५ नुक्लीपुर<br>टी.न.पा.-५ सुक्लीपुर<br>टी.न.पा.-५ सुक्लीपुर | ५ नं. वडा कार्यालयको प.सं.२०७८/०७९, च.नं.१२०३, मिति २०७८/०९/१३ |
| ३ | १. शिव प्रसाद चौधरी<br>२.लौटन चौधरी<br>३.सिता देवी चौधरी | टी.न.पा.-१ शक्तिनगर<br>टी.न.पा.-१ शक्तिनगर<br>टी.न.पा.-१ शक्तिनगर<br>टी.न.पा.-१ शक्तिनगर | १ नं. वडा कार्यालयको मिति २०७८/९/३० को च.न ७५३९को पत्र अनुसार |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. ६**:-यस नगरपालिकाको श्री खडक स्मृति मा.वि.टीकापुरमा बाल विकास सहजकर्ताको रुपमा कार्यरत श्री गिता जोशीले गत आ.व.२०७७/०७८ देखि लागु हुने गरि अतिरिक्त समयमा काम गरे वापत प्रोत्साहन स्वरुप प्राप्त गर्दै आएको थप रु.मासिक ५,०००।-(पाँच हजार) रकम उपलब्ध गराई पाउँ भनि मिति २०७८/१०/१७ गते निवेदन पेश गर्नु भएकोमा निजले गत आ.व.२०७७/०७८ देखि लागु हुने गरि प्रोत्साहन स्वरुप प्राप्त गर्दै आएको थप रु.मासिक ५,०००।-(पाँच हजार) का दरले चालु आ.व.२०७८/०७९ को श्रावण १ गते देखि २०७८ माघ मसान्त सम्म हुन आउने रकम **करार सेवा शुल्क (कृषि सेवा, पशु सेवा करार, अन्य करार कर्मचारी**) **शिर्षक**बाट उपलब्ध गराउने र यस नगरपालिकाको स्वीकृत दरबन्दि अन्तर्गत शिक्षा युवा तथा खेलकुद शाखामा कर्मचारी रिक्त रहेको अवस्थामा निजलाई यस कार्यालयमा काजमा कामकाज गर्ने व्यवस्था मिलाईएकोमा हाल उक्त शाखाको रिक्त दरबन्दि पदपूर्ति भई सकेको अवस्थामा निजलाई यहि मिति २०७८ फाल्गुण १ गते देखि लागु हुने गरि निजको दरबन्दी रहेकै स्थानमा काज फिर्ता पठाउने ।

**निर्णय नं. ७** : यस नगरपालिकामा जनस्वास्थ्य तर्फका औषधिजन्य तथा अन्य स्वास्थ्य सामाग्री भण्डारण व्यवस्थापनका लागि समस्या भई रहेको र दातृ निकायहरुबाट अनुदानमा स्वास्थ्य सामाग्री भण्डारण कक्षका लागि चाहिने सामाग्रीहरु समेत प्राप्त भई सकेको सन्दर्भमा यस कार्यालयमा तोकिएको मापदण्ड बमोजिम स्वास्थ्य सामाग्री भण्डारण कक्षको निर्माण गर्नुपर्ने भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुने गरी चालु आ.व. मा ठेक्का/टेण्डर प्रक्रियाबाट बचत हुन आएको रकम मध्येबाट रु.१५ लाख विनियोजन गरी तत्काल निर्माण कार्य अगाडि बढाउने ।

**निर्णय नं. ८** :यस टीकापुर नगरपालिका क्षेत्रबाट हवाई यातायात संचालनको आवश्यक व्यवस्थाका लागि श्री नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रलायमा अनुरोध गरिएकोमा नेपाल नागरिक उड्डयन प्राधिकरण , प्रधान कार्यालय, बबरमहल काठमाण्डौंको प.सं.०७८/७९, च.नं.१४५, मिति २०७८/१०/१७ रहेको जिल्ला प्रशासन कार्यालय, कैलाली तथा बोधार्थ टीकापुर नगरपालिका, टीकापुर ,कैलाली रहेको विषय आवश्यक सहयोग सम्बन्धमा प्राप्त पत्र बमोजिम "Consulting work for Upgrading and updating of Tikapur airport Master Plan, Prepration of obstacle Limitation surface Map and Detail feasibility study of New alternative alignment " कार्यका लागि श्री IF D Nepal Pvt. Ltd लाई नियुक्त गरिएको र उक्त प्रा.लि.को तर्फबाट यस नगरपालिकाको वडा नं. १ स्थित (साविक वडा नं. ९) नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेको एयरपोर्ट रहेको जग्गा, वडा नं. ५ स्थित (साविक मौरनिया गा.वि.स वडा नं. ६) स्थित नगरपालिकाको स्वामित्वमा रहेको टीकापुर नर्सरीको पोलिटेक्निकल ईन्स्टिच्यूटको पूर्व

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकिय अधिकृत

उत्तर फैलिएर रहेको जग्गा तथा वडा नं ५ (साविक मौरनिया गा.वि.स वडा नं. ६) कै शुक्लिपुर चौकी देखि उत्तर पूर्व टीकापुर नर्सरी र टीकापुर पार्क सँग जोडिएको (पूर्व-दक्षिण र उत्तर-पश्चिम दिशा) टीकापुर नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा प्राविधिक टोलीबाट अध्ययन भई रहेको हुँदा उक्त स्थानहरु मध्ये प्राविधिक अध्ययन प्रतिबेदनबाट उपयुक्त देखिएको स्थानमा एयरपोर्ट निर्माण संचालन व्यवस्थापनका लागि प्रतिबद्दता गरियो ।

**निर्णय नं. ९** : शहरी विकास तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन इकाई धनगढी, कैलालीको मिति २०७७०५।०३ गते टीकापुर नगरपालिका कार्यालयलाई हस्तान्तरण भईसकेको आधुनिक बसपार्क भित्र सवारी साधन पाकिङग तथा सपिङग कम्पलेक्स, होटेल व्यवस्थापन तथा सञ्चालन एकिकृत प्याकेजका रुपमा ठेक्का बन्दोबस्त गरि निजी क्षेत्र मार्फत सन्चालनका लागि प्रति वर्ष रु. ८,७५,०००। (आठ लाख, पचहत्तर हजार) न्यूनतम शुल्क/दर तोकी २ वर्षका लागि ठेक्कामा लगाउन कार्यपालिकाको मिति २०७७ पौष २५ गतेको नि.नं. १२ बाट निर्णय भएको तर विश्व महामारीका रुपमा रहेको कोभिड -१९ तथा उक्त बसपार्क भित्र थप निर्माण कार्य समेत.भई रहेको अवस्थामा ठेक्का बन्दोबस्त गर्न नसकिएको हुँदा टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०७८ मा प्रतिवर्ष रु ८७५०००/- ( आठ लाख पचहत्तर हजार मात्र) न्युनतम मुल्य कायम गरि ३ वर्षका लागि बसपार्क ठेक्कामा लगाउने निर्णय भए बमोजिम बसपार्क ठेक्कामा दिने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

आज मिति २०७८ माघ २६ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री तपेन्द्र बहादुर रावलज्यूको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको ८३ औं बैठकको दोस्रो दिनको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्र.सं | पद | नाम , थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री तपेन्द्र बहादुर रावल | |
| २ | नगर उप-प्रमुख | श्री केशरी बिष्ट रावल | |
| ३ | सदस्य | श्री गंगाराम आचार्य | |
| ४ | सदस्य | श्री प्रकाश बहादुर बुढाथोकी | |
| ५ | सदस्य | श्री रामसेवक महतो | |
| ६ | सदस्य | श्री लालबिर चौधरी | |
| ७ | सदस्य | श्री रामशंकर ड.थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री रामलाल ड.थारु | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री रमेश वि.क | |
| १३ | सदस्य | श्री अक्कल बहादुर माझी | |
| १४ | सदस्य | श्री डम्वर बहादुर राजी | |
| १५ | सदस्य | श्री सीता देवी चौधरी | |
| १६ | सदस्य | श्री शोभा नगार्जी | |
| १७ | सदस्य | श्री उपमा देवी के.सी | |
| १८ | सदस्य | श्री शान्ती देवी ड.थारु | |
| १९ | सदस्य | श्री सन्जा देवी ओड | सन्जा |
| | | | |
| १ | सचिव | प्रमुख प्रशासकीय अधिकृत,<br>श्री दमन सिंह चौधरी | |
| | | | |

## निर्णय मिति : २०७८/१०/२६ गतेको निर्णय :

**निर्णय नं.१०:** यस टीकापुर नगरपालिका, नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा उल्लेखित शाखा/उपशाखा/इकाई र तोकिएको कार्य विवरण र यस नगरपालिकाको हाल स्वीकृत अन्तरिम संगठन ढाँचा सँग सम्बन्धित विषयमा टीकापुर नगरपालिकाको संगठन विकास अध्ययन प्रतिबेदन, २०७६ र नगर कार्यपालिकाको कार्यालयको मिति २०७८/०७/२८ को बैठकको निर्णय बमोजिम गठित कार्यदलले पेश गरेको प्रतिबेदनलाई समेत अध्ययन गरी आगामी दशौ नगरसभामा पेश गर्ने गरी तपसिल बमोजिमको अध्ययन तथा सहजिकरण समिति गठन गरी जिम्मेवारी दिने ।

तपसिल :

| क्र.सं. | पदाधिकारीको नाम | तोकिएको जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १ | विधायन समितिका संयोजक श्री अक्कल बहादुर माझी | संयोजक | |
| २ | कार्यपालिका सदस्य श्री उपमा के.सी | सदस्य | |
| ३ | कार्यपालिका सदस्य श्री डम्बर राजी | सदस्य | |
| ४ | सम्बन्धित विषय विज्ञ -२ जना | आमन्त्रित सदस्य | |
| ५ | प्रमुख प्रशासकीय अधिकृत, श्री दमन सिंह चौधरी | सदस्य-सचिव | |

**निर्णय नं.११:** यस नगरपालिकामा विभिन्न व्यक्ति/संघ/संस्थाहरुबाट विभिन्न कार्यक्रम संचालनका लागि तथा आर्थिक सहयोगका लागि विभिन्न मितिमा निवेदन पेश भएको सन्दर्भमा तपसिल बमोजिमका व्यक्ति/संघ/संस्थाहरुलाई आ.व.२०७८/७९ मा विनियोजित बजेटबाट तपसिल बमोजिम रकम विनियोजन गर्ने/उपलब्ध गराउने ।

तपसिल :

| क्र.सं. | कार्यक्रम/विवरण | ठेगाना | सम्बन्धित व्यक्ति/संघ/संस्था | रकम | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको परम्परागत चित्रहरु प्रदर्शन कार्यक्रम | टी.न.पा.१ | देवकोटा साहित्य कला परिवार | १९,२१०।- | भैपरी चालु | |
| २. | शहरी स्वास्थ्य केन्द्र भवन उद्घाटन तथा खाजा खर्च | टी.न.पा.९ | झुंगा शहरी स्वास्थ्य केन्द्र | ३२,०३०।- | भैपरी चालु | |
| ३. | सांस्कृतिक सामग्री खरिद -बजाउने दमाईको, झ्याली, नरसिंगा, तरवार, दाब) | टी.न.पा. | श्री नन्दादेवी सांस्कृतिक समाज | २९,३८०।- | संस्कृति प्रवर्द्धन कार्यक्रम | |
| ४. | वडा कार्यालयको भवन उद्घाटन तथा खाजा खर्च | टी.न.पा.६ | वडा कार्यालय | २९,८४०।- | भैपरी चालु | |

प्रमुख प्रशासकिय-अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | राष्ट्रिय परिचय पत्र वितरणको कोठा भाडा तथा पारिश्रमिक खर्च | टी.न.पा.१ | नगरपालिका | ५०,०००।- | भैपरी चालु | कार्यालयबाट पुनः दुई महिना थप गरिएको अवधि अनुमोदन गरिएको |
| ६. | जीप मर्मतको भुक्तानी | टी.न.पा.१ | ईलाका प्रहरी कार्यालय, टीकापुर | ९७,७४५।- | भैपरी चालु | |
| ७. | नेपाली साहित्य महोत्सव | धनगढी, कैलाली | सु.प.साहित्य समाज धनगढी, कैलाली | १,००,०००।- | संस्कृति प्रवर्द्धन कार्यक्रम | |
| | जम्मा | | | **३,५८,२०५।-** | | |

**निर्णय नं.१२ :** मिति २०७८।१०।२५ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको निर्णय तथा राजश्व उपशाखाबाट पेश भएको टिप्पणी आदेश बमोजिम पवनदेव ईन्टर प्राइजेजको संचालक श्री पवन देवी तिमिल्सिना र बिना ढुंगानाले विगत केहि वर्ष देखि यस टीकापुर नगरपालिका कार्यालयको माहतमा रहेको सटर नं.४४ मा मासिक रु.७,०००।- भाडा तिरी व्यवसाय गर्दै आएकोमा उक्त पसल ग्राहकले नदेख्ने गरी भित्र पट्टी रहेको, उक्त पसल नजिक शौचालय रहेकोले दुगन्धित भई व्यवसाय गर्न समस्या भईरहेको र पानी तथा हावाहुरी आउँदा उक्त कोठामा पानी चुहिने भएको र कार्यालयलाई स्टोरको लागि कोठाको आवश्यक भएकोले उक्त सटर कोठालाई स्टोर कोठाको प्रयोजनको लागि प्रयोग गरी हाल नयाँ बनेको सपिङ्ग कम्प्लेक्स भवनको सटरको मासिक रु.८,०००।- मा निजलाई बहालमा दिने ।

**निर्णय नं.१३ :** टीकापुर नगरपालिकाको तपसिल बमोजिमको नियमावली, कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने ।

क) टीकापुर नगरपालिकाको स्वास्थ्य तथा सरसफाई नियमावली, २०७८

ख) स्थानीय उद्योग दर्ता, संचालन, व्यवस्थापन र नियमन नियमावली, २०७८

ग) स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०७८

घ) टीकापुर नगरपालिकाको मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०७८

ङ) टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८

च) टीकापुर नगरपालिकाको अटो तथा इ.रिक्सा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८

छ) टीकापुर नगरपालिकामा रहेका श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल